आज मिति २०८२ जेठ ०४ गतेका दिन कोल्हवी नगरपालिकाका नगर प्रमुख श्री राम प्रसाद चौधरी ज्यू को अध्यक्षतामा देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिलको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

देहाय

| क्र.स. | नाम | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | राम प्रसाद चौधरी | नगर प्रमुख | कोल्हवी ११ | |
| २ | लक्ष्मी कुमारी चौधरी | नगर उपप्रमुख | कोल्हवी ३ | |
| ३ | राजहरण चौधरी | वडा अध्यक्ष (वडा नं. १) | कोल्हवी १ | |
| ४ | गोपाल प्रसाद अधिकारी | वडा अध्यक्ष (वडा नं. २) | कोल्हवी २ | |
| ५ | किसुनदयाल चौधरी | वडा अध्यक्ष (वडा नं. ३) | कोल्हवी ३ | |
| ६ | विष्णु प्रसाद मैनाली | वडा अध्यक्ष (वडा नं. ४) | कोल्हवी ४ | |
| ७ | नन्दकिशोर चौधरी | वडा अध्यक्ष (वडा नं. ५) | कोल्हवी ५ | |
| ८ | दिनेश प्रसाद चौधरी | वडा अध्यक्ष (वडा नं. ६) | कोल्हवी ६ | |
| ९ | सलाउदिन अंसारी | वडा अध्यक्ष (वडा नं. ७) | कोल्हवी ७ | |
| १० | अनुप सुवेदी | वडा अध्यक्ष (वडा नं. ८) | कोल्हवी ८ | |
| ११ | दल वहादुर चौधरी | वडा अध्यक्ष (वडा नं. ९) | कोल्हवी ९ | |
| १२ | कुन्जबिहारी चौधरी | वडा अध्यक्ष (वडा नं. १०) | कोल्हवी १० | |
| १३ | नन्दकिशोर चौधरी | वडा अध्यक्ष (वडा नं. ११) | कोल्हवी ११ | |
| १४ | मैनावती देवी दर्जी | नगर कार्यपालिका सदस्य | कोल्हवी ९ | |
| १५ | रनिया थरुनी | नगर कार्यपालिका सदस्य | कोल्हवी ११ | |
| १६ | विमला कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | कोल्हवी १० | |
| १७ | मन्जु देवी महरा | नगर कार्यपालिका सदस्य | कोल्हवी ३ | |
| १८ | सिता सहनी | नगर कार्यपालिका सदस्य | कोल्हवी ७ | |
| १९ | कपिलदेव ठाकुर | नगर कार्यपालिका सदस्य | कोल्हवी ११ | |
| २० | जयनारायण सिंह चनउ | नगर कार्यपालिका सदस्य | कोल्हवी ५ | |
| २१ | राजकुमार दास सरभंग | नगर कार्यपालिका सदस्य | कोल्हवी १ | |
| २२ | पितानाथ लुइटेल | नगर सचिव (प्र.प्र.अ.) | कोल्हवी १ | |

CamScanner

**प्रस्तावहरु**

१. कार्यविधिहरु स्वीकृत गर्ने सम्वन्धमा ।
२. संस्थागत विद्यालयहरुको कक्षा थप सम्बन्धमा ।
३. विद्यालय शिक्षा क्षेत्र योजना स्वीकृत सम्बन्धमा ।
४. तयारी पौष्टिक आहार वितरण कार्यक्रम संचालन सम्वन्धमा ।
५. पूर्ण खोप सुनिश्चिता दिगोपना घोषणा सम्वन्धमा ।
६. आ.व. २०८२/८३ को पूर्वाधार श्रोत उपयोग शुल्क ठेक्का सम्वन्धमा ।
७. आर्थिक सहायता सम्वन्धमा ।
८. कृषि सिचाई कार्यक्रम संचालन सम्वन्धमा ।
९. ऐलानी जग्गा कायमका सम्वन्धित नियकायमा सिफारिस गर्ने सम्वन्धमा ।
१०. शिक्षक खारेजी सम्वन्धमा ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा : कोल्हवी नगरपालिका अन्तरगत आवश्यक देहाय बमोजिमका कार्यविधि/नियमावलीहरु स्वीकृत गर्ने निर्णय गरीयो ।

देहाय

क) कोल्हवी नगरपालिकाको आन्तरिक आय संकलन तथा ठेक्का वन्दोवस्ती सम्वन्धी कार्यविधि, २०८१

ख) कोल्हवी नगरपालिकाको (कार्य विभाजन) नियमावली, २०८१

ग) कोल्हवी नगरपालिकाको (कार्य सम्पादन) नियमावली, २०८१

घ) कोल्हवी नगरपालिकाको विषयगत समिति (कार्य संचालन) कार्यविधि, २०८१

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा : यस नगरपालिका अन्तरगत संचालनमा रहेका संस्थागत विद्यालयहरुको कक्षा थप गर्नका लागि नगरपालिकाको शिक्षा ऐन, २०७६ को दफा ३,३२ र ३५ बमोजिम आवश्यक योग्यता सहित निवेदन पेश गरेका देहाय बमोजिमका विद्यालयहरुको अनुमति प्राप्त कक्षामा थप १ (एक) कक्षा थप गर्ने निर्णय गरियो ।

देहाय

| क.स. | विद्यालयको नाम | ठेगाना | अनुमति प्राप्त कक्षा | थप गरी संचालन हुने कक्षा | कैफियत |
|---|---|---|---|---|---|
| १ | न्यू ग्यालोर्ड इग्लिस बोर्डिङ्ग स्कूल | कोल्हवी न.पा. १ | ९ (नौ) | १० (दश) सम्म | |
| २ | ब्राइट फ्यूचर इग्लिस बोर्डिङ्ग स्कूल | कोल्हवी न.पा. ८ | ७ (सात) | ८ (आठ) सम्म | |

र अन्य संस्थागत विद्यालयको हकमा पुनः विद्यालयको अनुगमन गरी आवश्यक कारवाही गर्ने सर्वसहमतीबाट निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा : कोल्हवी नगरपालिका अन्तरगत पि.पि.सी. को सहकार्यमामा विद्यालय शिक्षा क्षेत्र योजना निर्माणका लागि गठित समितिले पेश गरे बमोजिमको विद्यालय शिक्षा क्षेत्र योजना, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा : मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयबाट यस नगरपालिका कार्यालयका लागि तयारी पौष्टिक आहार वितरण कार्यक्रम संचालनका लागि स्वीकृत भई आएको हुदाँ उक्त कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा : कोल्हवी नगरपालिकालाई पुर्ण खोप सुनिश्चितता दिघोपना मिति २०८२/०२/१५ गते घोषणा गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा : आ.व. २०८२/८३ का लागि यस पालिकाको क्षेत्राधिकार भित्र रहेको पूर्वाधार श्रोत उपयोग शुल्कको विधुतिय ठेक्का बन्दोबस्तिका लागि राजश्व परामर्श समितिबाट सिफारिस भए बमोजिमको रकम रु. ३०२२६०५.०० (तिस लाख बाइस हजार छ सय पाँच मात्र) म.अ.कर बाहेक न्यूनतम कबोल अक राखी ३० दिने सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा : कोल्हवी नगरपालिका वडा नं. ८ बस्ने दिलमाया देवी चौधरीले दिनुभएको निवेदन अनुसार निजलाई रु १५०००.०० (पन्ध्र हजार मात्र) आर्थिक सहायता दिने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा : मधेश प्रदेश सरकारबाट कृषि तथा सिचाई तर्फ प्राप्त ३० (तिस) लाख बजेटबाट वडा नं. २,६,७,९ र १० मा बोरिङ्ग संचालन तथा व्यवस्थापनमा बजेट तथा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा : यस कोल्हवी नगरपालिका अन्तरगतको प्रचलित कानूनमा व्यवस्था गरिए बमोजिम जिल्ला बारा गा.वि.स. कोल्हवी वडा नं. ९ कि.न. ३६ को ज.वि. ४-४-१५ ऐ.कि.न. १४१ को ज.वि. १-१५-०, ऐ.कि.न. २१० को ज.वि. ........ जग्गा सार्वजानिक ऐलानी पर्ति रही परापूर्व कालदेखिनै गाई,गोरु, भैसी,ब्राखा आदि समेतका बस्तु भाउ निकाल्ने निकास, गौचरण दाहा (मोहरम मेला लाग्ने स्थान) आदि समेतका सार्वजानिक हक हितको प्रयोजनका लागि उपयोग भई आएको तथा कुनै पनि नागरिकले एकलौटी हकको रुपमा प्रयोग भोग चलन गर्न नपाउने हुदाँ जग्गा नाप जाँच ऐन, २०१९ बमोजिम जग्गा नाप जाँच हुदाँ सो जग्गा ऐलानी पर्ति जग्गाको रुपमा नाप नक्सा भएको तथा त्यस पछि हाल सम्म गाई,गोरु, भैसी,ब्राखा आदि समेतका बस्तु भाउ निकाल्ने निकास, गौचरण दाहा (मोहरम मेला लाग्ने स्थान) मठ मन्दिर तथा फुटबल भलिवल, क्रिकेट खेल्ने मैदानको रुपमा पनि प्रयोग हुन थालेकोमा हाल उक्त जग्गा गैरकानुनी रुपमा पहुचवालाहरुले साठगाठ गरी जग्गाधनि प्रमाणपूर्जा तयार गरेको भनी बुझिएकोले उक्त अवैधानिक जग्गा दर्ता प्रमाणपूर्जा बदर गरी पर्ति ऐलानी जग्गा कायम गर्न श्री भुमिसुधार तथा मालपोत कार्यालय, कलैया, बारा, भुमि सुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबार, काठमाण्डौमा सिफारिस गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा : यस नगरपालिका अन्तरगत सामुदायिक विद्यालयहरुमा नगर अनुदानबाट खटिआएका प्रारम्भिक बाल विकास देखि मा.वि. तह सम्म कार्यरत रही हाल सम्म अध्यापन अनुमति पत्र प्राप्त नगरेका नगर अनुदान शिक्षकहरुलाई आगामी आ.व. २०८२/८३ देखि नियूक्ति खारेज गर्ने निर्णय गरियो ।

CamScanner